# प्रश्न नं. २

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं. १२२ देखि २४३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

एमडी हुसेनको जाहेरीले नेपाल सरकार
बिरुद्ध
झापा जिल्ला, झापा गाउँपालिका वडा नं. ५ वस्ने अनवर हुसेन मिया समेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मेरो छोरो बर्ष २२ को अनबर हुसेनको श्रीमती बर्ष १७ को अम्वीका भन्ने निसा हुसेनको मिति २०७५।८।५ गते आफ्नै डेरा कोठामा आगोले जली मृत्यु भएको भन्ने समेत व्यहोराको एमडी हकिमको जाहेरी दर्खास्त ।
२. जि. झापा, झापा गाउँपालिका वार्ड नं. ५ स्थित नवराज दाहालको घर, सो घरको चारवटा कोठा मध्ये पुर्व तर्फको अनवर हुसेनको डेरा कोठा रहेको सो कोठा भित्र अम्वीका भन्ने निसा हुसेनको उक्त लाश रहेको मृतक लाशको पश्चिम दक्षिण ठाउंको भई पुर्व उत्तर गोडा भई कम्वर भन्दा मुनिको भाग जलेको माथि लगाएको चोलो समेत डढेको कपाल जली डल्लो परेको दाहिने स्तन नजलेको, दाहिने खुट्टा अगाडिको भाग र नलिखुट्टा समेत नजलेको, योनी जली कालो भएको मलद्धारवाट मल निस्कीएको भन्ने समेत व्यहोराको लाश प्रकृति मुचुल्का ।
३. मेरो सहोदर दिदी बर्ष २१ को अम्वीका हुसेन अर्थात निसालाई भारत तर्फ घर भई झापा गाउँपालिका वार्ड नं. ५ मा डेरा गरी वस्ने बबुवा भन्ने अनवर हुसेनले आजभन्दा डेढ बर्ष अगाडि प्रेम विवाह गरी लगेकोले हामीहरुको आइजाई समेत थिएन, मेरो दिदी अम्वीका भन्ने निसा हुसेनलाई निज अनवर हुसेनले मिति २०७५।८।५ गते राती डेरा भएको घरमा अन्य मानिस कोही नभएको अवस्थामा घांटी थिची कर्तव्य गरी मारी मृत शरिरमा आगो लगाई मारेको हुंदा कर्तव्यमा कारवाही गरिपाऊँ समेत व्यहोराको विनोद भन्ने गणेश रेग्मीको जाहेरी ।
४. जलेको पिरको कारण मृत्यु भएको जस्तो देखिन्छ भन्ने समेत व्यहोराको लाश पोष्टमार्टम रिपोट ।
५. जाहेरी दरखास्तको मिति र समयमा म आफ्नै घरमा टि.भि. हेरी वसी रहेको थिएं, यस्तैमा वचाउ वचाउ भनी एकोहोरो कराएको सुनि गीता दाहालको घरवाट आएको आवाज सुनि के भएछ, भनी हेर्न जांदा अनवर हुसेनको श्रीमती अम्वीका भन्ने निसा हुसेन आगोले जली मृत अवस्थामा देखेको हुं तत्काल घटनास्थलको रुप हेर्दा कर्तव्यवाट मृत्यु भएको जस्तो थियो भनि अनवर हुसेनले नै आफ्नै श्रीमती बर्ष २१ को अम्वीका भन्ने निसा हुसेनलाई कर्तव्य गरी मारी आगो लगाई दिएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको शुशिला श्रेष्ठको  कागज ।
६. मिति २०७५।८।५ गते श्रीमती अम्वीका भन्ने निसा हुसेनसंग साधारण घरायसी झै झगडा भएको र मैले मादक पदार्थ समेत सेवन गरेको हुंदा श्रीमतीलाई कुटपीट गरी कर्तव्य गरी मारी आत्महत्या गरेको भन्ने वनाउनको लागि श्रीमतीको शरिरमा डिजेल खनाई आगो लगाई वाहिर निस्की झ्यालवाट हात छिराई ढोका वन्द गरी वचाउ वचाउ भन्दै कराएको हुन भन्ने समेत व्यहोराको प्रतिवादी अनवर हुसेन मियाको वयान ।
७. जि. झापा झापा गाउँपालिका वार्ड नं. ५ स्थित गीता दाहालको घरको प्यासेजवाट छत तर्फ जाने सिडीको मुनि सेतो प्लाष्टीकको भाडामा अं. १।२ लि. डिजेल लुकाई राखेको अवस्थामा प्रहरीले वरामद गरेको ठिक छ भन्ने समेत व्यहोराको विरामदी मुचुल्का ।
८. मिति २०७५।८।५ गते म आफ्नै घरमा वसी रहेको अवस्थामा गीता दाहालको घरमा मानिसको हल्ला भएको सुनि हेर्न जांदा अनवर हुसेनको श्रीमती अम्वीका भन्ने निसा हुसेनलाई मृत अवस्थामा देखेको हुं आगो निभाउन मैले समेत पानी वोकी निभाउन सहयोग गरेको हुं भन्ने समेत व्यहोराको जित वहादुर धिमाल, रमेश तामाङ, मृतककी आमा गंगा माया रेग्मी, कमल मण्डल र साहिला भन्ने विवेक मडि सतारको कागज ।
९. अम्वीका रेग्मी भन्ने निसा हुसेनको भिषेरामा किटनाशक विषादी पाइएन भन्ने समेत व्यहोराको भिषेरा परिक्षण रिपोर्ट।
१०. जाहेरी दर्खास्तको मिति र समयमा सुत्न जांदा वचाउ भन्ने आवाज सुनि अनवर हुसेनको डेरामा गई हेर्दा निजको श्रीमतीलाई मृत अवस्थामा देखेको हुं । सो अवस्थामा घटनास्थल र निज अनवर हुसेनको व्यवहार हेर्दा कर्तव्य गरी मारेको जस्तो थियो कर्तव्य गरी मारे मराएकोमा विश्वास लाग्छ, भन्ने समेत व्यहोराको दिपक गौतमको कागज ।
११. जाहेरीको मिति र समयमा अनवर हुसेन श्रीमती र सुनिल दंगाललाई साथमा लिई आई मेरो होटलमा मोटर साइकलमा आई एक गिलास रक्सी र कोक खाई रात पर्‍यो घर जाउं भनी भन्दा म इण्डियन हुं मलाई मार्नु र मर्नु केही मतवल छैन भनी मोटर साइकील लिई गएका हुन भोलीपल्ट निसा हुसेनको कर्तव्यवाट मृत्यु भयो भन्ने सुनेको हुं भन्ने समेत व्यहोराको दुर्गा राइको कागज।
१२. अनवर हुसेनले मेरो एक कोठा भाडामा लिई बसेको थिए जाहेरीको दिन म माइति घर गएको अवस्थामा निसा हुसेनको मृत्यु भएछ, निजको कर्तव्यवाट मृत्यु भएको कुरामा विश्वास लाग्छ भन्ने समेत व्यहोराको गीता दाहालको कागज ।
१३. म अनवर हुसेनको ग्यारेजमा नै काम गर्दथे । मिति २०७५।८।५ गते विहान ग्यारेजवाट म घर गएको थिए निज अनवर हुसेनले श्रीमतीलाई मोटर साइकलमा राखी ल्याई मलाई समेत हिड भनेको हुंदा म निजसंग वसी गएको हुं । सो दिन अनवर हुसेनले मादक पदार्थ अत्याधिक सेवन गरेको थिए, राती ग्यारेजमा आई सुतेको अवस्थामा अनवरको कोठामा हल्ला भएको सुनि जांदा निजको श्रीमती निसा हुसेन आगोले जली मृत अवस्थामा थिइन । निजको के कसरी मृत्यु भयो एकिन भन्न सक्दीन भन्ने समेत व्यहोराको सुनिल दंगालको कागज ।

## प्रश्न नं. २

१४. जाहेरी दर्खास्तको मिति र समयमा मानिसको हो हल्ला सुनि अनवरको कोठामा जांदा ४।५ जना मानिस र प्रहरी समेत आई सकेको थिए, निसा हुसेनको मृत्यु भै सकेको थियो घटनास्थलको प्रकृति हेर्दा कर्तव्यवाट मृत्यु भए जस्तो थियो, भन्ने समेत व्यहोराको रेवती थपलियाको कागज ।

१५. जाहेरीको मिति र समयमा टि.भि. हेरी रहेको अवस्थामा निसा भन्ने आवाज सुनि हेर्न जांदा निसा हुसेनको शरिरमा आगो जलि रहेको थियो सो अवस्थामा अनवर हुसेनले श्रीमतीलाई वचाउने कुनै कार्य गरेको थिएनन, निजले नै श्रीमतीलाई कुटपीट गरी वेहोस वनाई आगो लगाई दिई मारेको हुन भन्ने समेत व्यहोराको मिरा शर्माको कागज ।

१६. जाहेरीको मिति र समयमा म घरमा नै भएको अवस्थामा निसा पनि चिच्याएको आवाज सुनि हेर्न जांदा निसा हुसेनको आगो लागि मृत्यु भै सकेको थियो निज अनवर हुसेनले कर्तव्य गरी मारी आगो लगाएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको दुर्गा देवी ओलीको कागज ।

१७. मिति २०७५।८।५ गते राती अनवर हुसेन जोडसंग कराएको सुनि जांदा निसा हुसेनको शरिरमा आगो लागि मृत्यु भै सकेको थियो कसरी मृत्यु भयो एकिन भन्न सक्दीन भन्ने समेत व्यहोराको शुष्मा पौडेलको कागज ।

१८.अम्वीका भन्ने निसा हुसेनको मृत्युको कारण निश्चीत गर्न सक्दिन तापनि शरिर अत्याधिक जलेको देखिएको भिषेरा रिपोर्टमा कार्वन मारनो अक्साइड र विषादीहरु नदेखिएको साथै अत्याधिक जलेको कारण वाहिरी चोट पटक नदेखिएको हुंदा अन्य परिस्थिति जन्य प्रमाणलाई आधार मान्नु पर्ने भन्ने समेत व्यहोराको मेची अस्पतालको चिकित्सकको राय ।

१९. यस्मा वुझिएका प्रमाणवाट बबुवा भन्ने अनवर हुसेन मियाँले आफुले विवाह गरी ल्याएको अन्तर जातीय श्रीमती अम्वीका रेग्मीले पैसा वचत नगरेको निहुंमा मादक पदार्थ सेवन गरी कुटपीट गरी घाटीथिची व्यहोस एवं मरणासन्न पारी डेरा भित्र लगी खाना पकाउने गरेको डिजेल श्रीमतीका शरिरमा खन्याई सलाई कोरी आगो लगाई कर्तव्य गरी मारेको भन्ने कुरा पुष्टि हुन आएकोले निज प्रतिवादी अनवर हुसेनले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) अनुसारको कसुर अपराध गरेको हुंदा निजलाई ऐ. संहिताको दफा १७७(२) वमोजिम सजाय गरी पाउं भनी पेश भएको अभियोग पत्र ।

२०. प्रतिवादी बबुवा भन्ने अनवर हुसेन मियाले अदालतमा गरेको  ईन्कारी वयान ।

२१. जाहेरवाला मौकामा वुझाएका मानिस तथा प्रतिवादीका साक्षीको वकपत्र भएको ।

२२. शुरु झापा जिल्ला अदालतको फैसला ।

२३. उच्च अदालत विराटनगरमा परेको पुनरावेदन पत्र ।